REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs. Date: 04.11.2025

सिक्किमका राज्यपालले प्रधानमन्त्रीसँग गरे भेटवार्ता

सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले आज नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुभयो।

श्री माथुरले प्रधानमन्त्रीलाई राज्यसँग सम्बन्धित विभिन्न मुद्दाहरूको बारेमा अवगत गराउनुभयो।

बैठकको क्रममा उनीहरूले राज्यको विकासलाई बढ़ावा दिने उद्देश्यले प्रमुख विकासात्मक मुद्दाहरू र पूर्वाधार परियोजनाहरूबारे छलफल गर्नुभयो यसका साथै, राज्यपालले सिक्किमको विशिष्ट विकास आवश्यकताहरूप्रति प्रधानमन्त्रीको निरन्तर संरक्षण र समर्थनको अपेक्षा समेत गर्नुभयो।

इन्द्रहाङ सुब्बा र बीआरओका महानिर्देशको भेट

सिक्किमका लोकसभा सांसद इन्द्रहाङ सुब्बा र सीमा सड़क संगठन (बीआरओ) का महानिर्देशक लेफ्टिनेन्ट जनरल रघु श्रीनिवासनले राज्यमा महत्वपूर्ण पूर्वाधार विकास, विशेष गरी उत्तरी सिक्किममा प्रस्तावित वैकल्पिक राजमार्ग पङ्क्तिबद्धताबारे छलफल गरे।

श्री सुब्बाले सिक्किमका उत्तरी जिल्लाहरूमा सबै मौसममा सम्पर्क सुनिश्चित गर्न वैकल्पिक राजमार्ग विकास गर्ने रणनीतित र आर्थिक महत्तवमाथि प्रकाश पारे। उनले नयाँ राजमार्गको

योजना र कार्यान्वयनलाई तीव्र पार्नुपर्ने जरूरी आवश्यकताको बारेमा महानिर्देशकलाई अवगत गराए र अन्तर्राष्ट्रिय सीमाहरूसँगको क्षेत्रको निकटताले सुधारिएको सड़क पूर्वाधारलाई राष्ट्रिय सुरक्षाको विषय बनाउँछ भन्ने कुरामा जोड़ दिए।

श्रीनिवासनले यस विषयमा उचित विचार गरिने र सबैभन्दा सम्भाव्य पङ्क्तिबद्धता पहिचान गर्न आवश्यक अध्ययन र परामर्श शुरू गरिने आश्वासन दिए।

आइपीएस प्रशिक्षार्थीहरूले हिजो सुकनामा त्रिशक्ति कोरका अधिकारीहरूसँग  भेट गरे।

भारतीय पुलिस सेवाका प्रशिक्षार्थी अधिकारीहरूले भारतीय सेनासँगको आफ्नो सपता लामो संलग्नताको एक भागको रूपमा हिजो सुकनास्थित त्रिशक्ति कोर मुख्यालयको भ्रमण गरे।

प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत सिकर्मी व्यापार तालिम कार्यक्रम

सिक्किम सरकारको वाणिज्य तथा उद्योग विभागले आज उद्याग भवनबाट  औद्योगिक प्रशिक्षण संस्थान (आईटीआई) गेजिङमा प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत सिकर्मी व्यापार तालिम कार्यक्रमको भर्चुअल उद्घाटन आयोजना गर्यो। कार्यक्रमको उद्घाटन सिक्किम सरकारको वाणिज्य तथा उद्याग विभागकी सचिव कर्मा डी युत्सोले भर्चुअल रूपमा गर्नुभएको थियो। सुश्री युत्सोले प्रशिक्षार्थीहरूलाई प्रधानमन्त्री विश्वकर्मा योजनाका फाइदाहरूबाट लाभ उठाउन सल्लाह दिइन जसमा अनुदानित ब्याजदरमा 1 लाख रूपियाँसम्मको बिना कुनै गारंटीका ऋण, निःशुल्क टुलकिट र व्यापार मेला तथा प्रदर्शनीहरूमा भाग लिने अवसरहरू समावेश छन्।

बेटी बचाओ बेटी पढाओ

गान्तोक जिल्लाको महिला,बालबालिका वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विकास अन्तर्गतको पहलमा बेटी बचाओ बेटी बढाओ कार्यक्रमले स्वास्थ्य तथा परिवार कल्याण विभागसँगको सहकार्यमा गान्तोक जिल्लाको रोङगे माध्यमिक विद्यालयमा एक जागरूकता सत्रको आयोजना गर्यो। सत्रको उद्देश्य किशोरीहरूलाई महिनावारी स्वास्थ्य र व्यक्तिगत

स्वच्छताको बारेमा शिक्षित गर्नु, जागरूकता प्रवर्द्धन गर्नु, वर्जित कुराहरू तोड्नु र महिनावारी स्वास्थ्यको बारेमा खुला छलफललाई प्रोत्साहित गर्नु थियो।

कार्यक्रममा कक्षा 6 देखि 9 सम्मका विद्यार्थीहरू, महिला शिक्षक तथा गैर –शिक्षक कर्मचारी र विद्यालय प्रधानाध्यायपकको उत्साहजनक सहभागिता देखियो।

एलडी काजी गोल्डकपः पाण्डा नाम्ची र सिङलिङ स्पोर्टिङ क्लबले गरे सेमिफाइनलमा प्रवेश

च्याखुङमा चलिरहेको 18औं एलडी काजी गोल्डकप फुटबल टुर्नामेन्टको सेमिफाइनलमा रेड पाण्डा नाम्ची र सिङलिङ स्पोर्टिङ क्लबले प्रवेश गरेको छ । निर्धारित समयसम्म 2-2 गोलले खेल बराबरीमा टुंगिएपछि ट्राइब्रेकरमा रेड पाण्डाले हिमालयन स्पोर्टिङ क्लब गान्तोकलाई परास्त गरेर सेमिफाइनलमा प्रवेश गरेको छ।

दोस्रो क्वाटरफाइनल म्याचमा दोस्रो हाफको खेलमा सिङलिङ स्पोर्टिङ क्लबका स्टार खेलाड़ी रोशन सुब्बाले 67 औं मिनेटमा निर्णायक गोल गरेर सिङलिङलाई सेमिफाइनलमा पुर्याए। यस खेलमा सिङलिङका रोशन सुब्बा म्यान अफ् द् म्याच बने।